त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्रुतु, खारानेटा रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

गाउँकार्यपालिका बैठक क्रम संख्याः ५२
बैठक मितिः २०८३/०३/२८
बैठक स्थानः सिम्रुतु खारानेटा
बैठकको अध्यक्षताः गणेश कुमार के.सी.

यस त्रिवेणी गाउँकार्यपालिकाको बैठक देहाय बमोजिम कार्यपालिका सदस्यहरूको उपस्थितिमा बसी, तपशिल बमोजिमका प्रस्तावहरूमा छलफल/अन्तरक्रिया/समिक्षा तथा निर्णय पारित गरियो।

उपस्थितिः

| सि.नं. | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | गणेश कुमार के.सी. | अध्यक्ष (गाउँपालिका अध्यक्ष) | | |
| २ | राजकुमारी रेउले | सदस्य (गाउँपालिका उपाध्यक्ष) | | |
| ३ | सुन्दर ओली | सदस्य (१ नं. वडाध्यक्ष) | | |
| ४ | मोतिराम पुन | सदस्य (२ नं. वडाध्यक्ष) | | |
| ५ | दिपेन्द्र कुमार ओली | सदस्य (३ नं. वडाध्यक्ष) | | |
| ६ | नन्नराम बाँठा | सदस्य (४ नं. वडाध्यक्ष) | | |
| ७ | रण बहादुर पुन | सदस्य (५ नं. वडाध्यक्ष) | | |
| ८ | भद्र बहादुर सिर्पाली | सदस्य (६ नं. वडाध्यक्ष) | | |
| ९ | धन बहादुर खड्का | सदस्य (७ नं. वडाध्यक्ष) | | |
| १० | नन्दराम खड्का | सदस्य (८ नं. वडाध्यक्ष) | | |
| ११ | हरि बहादुर खड्का | सदस्य (९ नं. वडाध्यक्ष) | | |
| १२ | शेरमान खड्का | सदस्य (१० नं. वडाध्यक्ष) | | |
| १३ | जनक कुमार विश्वकर्मा | गाउँ कार्यपालिकासदस्य | | |
| १४ | लक्ष्मण कामी | गाउँ कार्यपालिकासदस्य | | |
| १५ | प्रेमा ओली | गाउँ कार्यपालिकासदस्य | | |
| १६ | चाँदनी पुन | गाउँ कार्यपालिकासदस्य | | |
| १७ | विष्णु सुनार | गाउँ कार्यपालिकासदस्य | | |
| १८ | देवकुमारी वुढाथोकी | गाउँ कार्यपालिकासदस्य | | |
| १९ | यज्ञ बहादुर भण्डारी | गाउँ कार्यपालिका सचिव एवं प्रमुख प्रशासकिय अधिकृत | | |

CamScanner

५२ औं बैठक
कार्यपालिका बैठक मितिः २०८३।०३।२८

## प्रस्तावहरु

१. चालु आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम खर्चको समिक्षा सम्वन्धमा।
२. ठेक्का म्याद थप गर्ने सम्बन्धमा।
३. आ.व. २०८२/०८३ को वार्षिक प्रगति समिक्षा र सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा।
४. करार कर्मचारीको म्याद थप सम्बन्धमा।
५. सडक योजना पहिचान गरि पठाउने सम्बन्धमा।
६. योजना तथा कार्यक्रमको भुक्तानी दायित्व कायम गर्ने सम्बन्धमा।
७. प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।
८. विविध सम्बन्धमा।

त्रिवेणी गाउँपालिका
कार्यपालिकाको
सिम्रुतु, खारानेटा रुकुम
कर्णाली प्रदेश, नेपा
२०७३

गणेश कुमार के.सी.
अध्यक्ष

CamScanner

# निर्णयहरु २०८३ असार २८ गते

**निर्णय नं.१–** त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रम अनुसार वित्तीय खर्च प्रगतिको समिक्षा गरियो। जसमा जम्मा विनियोजित बजेट रु.५६,५४,९४,९७२ मध्ये जम्मा खर्च रु.४७,०५,६१,७७९ (८३.२१%) भएकोमा चालु तर्फ रु.३७,८०,१४,८३५ (९०.३४%), पुंजीगत तर्फ रु.९,०५,४६,९४४ (६६.०५%) र वित्तीय तर्फ रु.२०,००,००० (२०.००%) रहेको सम्पर्ण भुक्तानीको समिक्षा तथा भुक्तानी लेखांकन कार्यको अनुमोदन गर्ने निर्णय पारित गरियो।

**निर्णय नं.२ –** आर्थिक वर्ष २०८२/०८३ मा त्रिवेणी गाउँपालिका रुकुम पश्चिमका तपशिलका सडक योजना निर्माणका लागी त्रिवेणी गाउँपालिका र विभिन्न निर्माण कम्पनी बीच भएको सम्झौता बमोजिम मिति २०८३।०३।१५ भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएतापनि वर्षाको समयमा मनसुनजन्य विपद् अवरोधका कारण र विश्वमा भएका विभिन्न युद्वका कारण विश्वव्यापी महंगी बढ्न गई निर्माण व्यवसायिले सामग्री ढुवानी गर्न तथा निर्माणका साधनहरु संचालन गर्न नसक्नुका कारण सम्झौता अनुसार तोकिएको मितिमा सडक योजनाहरु निर्माण कार्यसम्पन्न हुन नसक्ने भनि निर्माण व्यावसायिले म्याद थपका लागी निवेदन दिएको हुँदा सम्झौताको म्याद मिति २०८३ असार १६ गते देखि लागु हुने गरी मिति २०८३ पौष १५ गतेसम्म थप आर्थिक भार तथा दायित्व नपर्ने गरी ठेक्का सम्झौता म्याद थप स्वीकृत गरी सडक निर्माण कार्य संचालन गर्न र आगामी आर्थिक वर्षको वार्षिक बजेटमा समावेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय पारित गरियो।

तपशिलः

| क्र.सं | ठेक्का नम्बर र श्रोत | ठेकेदार कम्पनीको नाम र ठेगाना | सडक योजनाको नाम | कै. |
|---|---|---|---|---|
| १ | **TRM/NCB/W/R/01/2082/083** संघीय समपुरक अनुदान | जुमविखुल निर्माण सेवा मुसिकोट न.पा.-१, रुकुम पश्चिम | त्रिवेणी चक्रपथ निर्माण तथा स्तरोन्नति योजना | |
| २ | **TRM/NCB/R/03/2082/083** कर्णाली प्रदेश ससर्त अनुदान | जुमविखुल निर्माण सेवा मुसिकोट न.पा.-१, रुकुम पश्चिम | खुरखुरे-बाँठाकोट-पतेरी-ढुंगेघर सडक स्तरोन्नति योजना | |
| ३ | **TRM/KDBK/NCB/R/04/2082/083** कर्णाली प्रदेश समपुरक अनुदान | बि.एण्ड.बि. विल्डर्स खलंगा-१, जाजरकोट | कोरवाङखोला-दाङचुङ-बल्लजुरा-कालापोखरा सडक स्तरोन्नति योजना | |

**निर्णय नं. ३–** त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रमको वार्षिक प्रगति समिक्षा मिति २०८३ साउन ५ गते जनप्रतिनीधी तथा गाउँपालिका अन्तरगतका सबै वडा तथा शाखाका प्रमुखहरुको उपस्थितिमा सम्पन्न गर्ने निर्णय गरियो। साथै गाउँपालिकाको वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम सबै वडा कार्यालयमा वार्षिक प्रगति समिक्षा कार्यक्रम सम्पन्न भएको लगतै संचालन गर्ने गरियो।

**निर्णय नं. ४–** त्रिवेणी गाउँपालिका अन्तरगत प्राविधिक तथा अप्राविधिक तर्फका करार सेवामा कार्यरत कर्मचारीहरुको मिति २०८३।०४।०१ गतेदेखि मिति २०८४ असार मसान्तसम्म करार सेवा नविकरण गरी कामकाजमा लगाउन प्रमुख प्रशासकीय अधिकृलाई अख्तियारी दिने निर्णय पारित गरियो।

गणेश बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

गणेश कुमार के.सी.
अध्यक्ष

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्रुत बारानेटा रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३